म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३९ बिहीबार,३ बैशाख २०८३ ने. सं. ११४६ चौलागा 16 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं, ८बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं.
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं ।

*स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### खुशी हुँदै सेवाग्राही भन्छन्: सरकारी कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भयो

## हेटौंडामा घरघरमा पुग्दै राहदानी

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौंडामा आज बुधबार देखि राहदानी (पासपोर्ट) सेवाग्राहीको घरमै पुग्ने सेवा औपचारिकरुपमा सुरु गरेको छ ।

नेपाल सरकारले अघि सारेको सय बुँदे शासकीय सुधार कार्ययोजनाअन्तर्गत नागरिकलाई सहजरुपमा राज्यको सेवा घरमै उपलब्ध गराउने उद्देश्यले यो सेवा सुरु गरिएको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला हुलाक कार्यालयमार्फत् घरघरमै राहदानी पुऱ्याउने व्यवस्था बुधबारदेखि लागू गरेको हो । पहिलो चरणमा हेटौंडा उपमहानगरपालिका क्षेत्रबाट सेवाप्रवाह सुरु गरिएको प्रशासनले जनाएको छ । घरमै पासपोर्ट पुग्न थालेपछि सेवाग्राही अचम्मित हुनुका साथै उत्साहित बनेका छन् ।

सेवाको सुरुवातकारुपमा हुलाक कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-४, कपुर कम्प्लेक्स नजिक बस्ने २२ वर्षीय निश्चल मानन्धरको घरमै पुगेर राहदानी बुझाएको छ । राहदानी वितरणका लागि हल्कारा, जिल्ला हुलाक कार्यालयका प्रमुख र जिल्ला प्रशासन कार्यालयका कर्मचारी मानन्धरको घरमै पुगेका थिए । घरमै राहदानी पाउँदा खुशी व्यक्त गर्दै मानन्धरले सरकारको यो कदम स्वागतयोग्य भएको बताए । 'बल्ल सरकारले राम्रो कामको सुरुवात गऱ्यो । यस्तै सेवा अन्यक्षेत्रमा पनि विस्तार गर्नुपर्छ' उनले भने ।



राहदानी लिन सरकारी कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको भन्दै सेवाग्राहीले खुसी व्यक्त गरेका छन् । यसबाट समय, खर्च र झन्झट कमभई राज्यको सेवा दैलोमै पुगेको अनुभूति भएको उनीहरुले प्रतिक्रिया दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले बुधबार हुलाक कार्यालयमार्फत वितरणका लागि ५० वटा राहदानी पठाएको छ । नजिकका वडामा बुधबार र टाढाका क्षेत्रमा बिहीबार सम्म राहदानी सम्बन्धित ब्यक्तिको घरमै पुऱ्याइने हुलाक कार्यालय मकवानपुरका प्रमुख रमेश लामिछानेले बताए ।

हाल स्रोतसाधन र सुरक्षा संवेदनशीलताका कारण जिल्लाका अन्य पालिकामा सेवा विस्तार गर्न नसकिएको कार्यालय प्रमुख लामिछानेले बताए । मकवानपुरको भौगोलिक बनोटका कारण पनि सबै पालिकामा तत्काल सेवा विस्तार गर्न कठिन रहेको उनको भनाइ छ । राहदानी जस्तो महत्वपूर्ण कागजपत्र सुरक्षितरुपमा सेवाग्राहीसम्म पुऱ्याउनु चुनौतीपूर्ण भएकाले पनि सेवा विस्तारमा समस्या रहेको जनाइएको छ । यसकासाथै हुलाक कार्यालयमा सवारीसाधन र जनशक्तिको अभावका कारण टाढाका क्षेत्रमा सेवा विस्तार गर्न कठिनाइ भइरहेको छ ।

स्रोतसाधन र कर्मचारी थपभए अन्य पालिकामा पनि सेवा सहजरुपमा सञ्चालन गर्न सकिने कार्यालयले जनाएको छ । पहिलो चरणमा राहदानी लिन नआएका करिब साढे ५ सय सेवाग्राहीलाई हुलाकमार्फत् घरमै वितरण गर्ने तयारी छ । भविष्यमा यो सेवालाई विस्तार गर्दै नागरिकता, राष्ट्रिय परिचयपत्र तथा सवारीचालक अनुमतिपत्र (लाइसेन्स) समेत घरमै उपलब्ध गराउने लक्ष्य प्रशासनले लिएको छ ।

## गढीमा भेटिएको सालकलाई रानी वनमा छोडियो



साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ किसानको साथीको परिचय बनाएको सालक मकवानपुर गढी गाउँपालिका-३ मा भेटिएको छ । दुर्लभ तथा लोपोन्मुख तामे सालक (इन्डियन प्याङ्गोलिन) बच्चासहित फेला परेको हो ।

स्थानीय मनिष देवकोटाले करिब १२ किलो तौलको माउ सालक र ३ किलोको बच्चासहित फेला पारेर इलाका प्रहरी कार्यालय मकवानपुरगढीमा बुझाएका थिए । प्रहरीमार्फत सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूहद्वारा ब्लक नं. ६ मा निर्माण गरिएको सालक केजमा सुरक्षितरुपमा छाडिएको छ । सालकलाई हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, सव डिभिजन वन कार्यालय, हेटौंडाका वनअधिकृत बच्चुराम सुवेदी, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल लगायतको रोहवरमा छाडिएको हो ।

रानी सामुदायिक वनले २०६२ सालदेखि सालकको संरक्षण गर्दै आएको छ । समूहले सालकको बारेमा जनचेतनामूलक कार्यक्रम, तालिम गोष्ठी, विद्यालयस्तरीय कार्यक्रम, साललको मूर्ति स्थापना, होडिङ बोर्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । समूहद्वारा संरक्षित वनमा करिव ५ दर्जन सालक रहेको अनुमान समूहले गरेको छ । संसार भर पाइने आठ प्रजातिका सालकमध्ये मकवानपुरक्षेत्रमा कालो सालक (चाइनिज प्याङ्गोलिन) र तामे सालक (इन्डियन प्याङ्गोलिन) पाइन्छन् ।

मकवानपुरका करिब चार सय सामुदायिक वनमध्ये एक सयमा सालक देखिने गरिएको छ । चुच्चेखोला र रानी सामुदायिक वनले सालक संरक्षणका लागि चोरीसिकारी तथा तस्करी रोक्ने अभियान सञ्चालन गर्दै आएका छन् । शान्त र लजालु स्वभावको स्तनधारी जनावर सालकले माटो खुकुलो बनाउने र बालीलाई हानिनोक्सानी नगर्ने भएकाले किसानमैत्री वन्यजन्तुका रुपमा चिनिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार सालक संरक्षित वन्यजन्तु हो ।

ऐनअनुसार सालकको शिकार, खरिद बिक्री वा ओसार पसार गर्नेलाई पाँच लाखदेखि १० लाख रुपैयाँसम्म जरिबाना वा पाँचदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । सालक मारेमा वा खाएमा १० वर्षसम्म कैद वा १० लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने प्रावधान रहेको छ । बागमती प्रदेश सरकारले केही महिना अघि चितवनको माडीमा पहिलो पटक सालक सम्मेलन गरेको थियो ।

## थाहामा अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ संयुक्त राष्ट्रसंघले अप्रिल १५ लाई 'अन्तर्राष्ट्रिय आरोग्य दिवस'का रुपमा मान्यता दिएपछि थाहा नगर पालिकामा पहिलोपटक भव्यरुपमा दिवस मनाइएको छ ।

थाहा नगरपालिकाको आयोजनामा 'आरोग्य थाहानगर अभियान' अन्तर्गत आयोजित कार्यक्रममा योग, ध्यान तथा आरोग्यसम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको हो ।

'हिमालको चेतना विश्वको आरोग्य' भन्ने मूल नारा सहित मनाइएको कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विभिन्न संघसंस्था, स्वास्थ्यकर्मी, विद्यार्थी, सुरक्षाकर्मी तथा महिला समूहको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा जीवनविज्ञान प्रतिष्ठानका संस्थापक रमेश नेपालले आरोग्यको अवधारणालाई समग्र मानव जीवनसँग जोड्दै यसलाई विश्वव्यापी प्राथमिकताकारुपमा स्थापित गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनले आन्तरिक जागरण र आरोग्यमार्फत आर्थिक तथा आध्यात्मिक पर्यटनको विकास सम्भव रहेको धारणा राख्दै विश्वलाई स्वस्थ राख्न आरोग्यको महत्वबारे प्रशिक्षण दिए । थाहा नगरप्रमुख बिष्णु बिष्टले स्वस्थ्य जीवनशैलीका लागि योग र आयुर्वेदको महत्व दिनप्रतिदिन बढ्दै गएको उल्लेख गर्दै नियमित योग र ध्यान अभ्यासले शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने बताए । उनले यस्ता कार्यक्रमले 'आरोग्य थाहानगर' अभियानलाई सफल बनाउन टेवा पुग्ने विश्वास व्यक्त गरे ।

शिखरकोट फल्चाबाट सुरु भएको ऱ्याली गोपाली गाउँ हुँदै पालुङ जेसीज सभाहलमा पुगेर योग तथा ध्यान अभ्याससहित आरोग्य प्रशिक्षण कार्यक्रममा परिणत भएको थियो ।

कार्यक्रममा सहभागीलाई विश्वभर एकैपटक ५० लाख मानिसलाई ध्यान गराउने अभियान अन्तर्गत १५ मिनेट सामूहिक ध्यान गराइएको थियो । बागमती प्रदेश सांसद कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, थाहा नगर उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल लगायतको उपस्थिति रहेको थियो ।

नेपाल सरकारको प्रस्तावमा संयुक्त राष्ट्रसंघ महासभाले अप्रिल १५ लाई 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' का रुपमा औपचारिक मान्यता दिएको हो । गत फागुन २६ गते अनुमोदन भएको प्रस्तावपछि विश्वभर पहिलोपटक यो दिवस मनाइएको हो । समग्र स्वास्थ्य, सुख तथा सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यसहित मनाइने यस दिवसले सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यासतर्फ विश्व समुदायलाई प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

## खुल्ला दौड प्रतियोगितामा बकैयाका गोले प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ नेपाल तरुण दल हेटौंडा उपमहानगर पालिका-६ नं वडा समितिद्वारा आयोजित ५ किलोमिटर खुल्ला दौड प्रतियोगितामा बकैयाका राजकुमार गोले पहिलो भएका छन् ।



नयाँवर्ष २०८३ को अवसरमा आयोजित प्रतियोगितामा बकैयाकै अनिष थिङ दोश्रो र राक्सिराङका सुभाष हेमजङ्ग तेश्रो भएका थिए । प्रतियोगितामा पहिलो हुनेले नगद १५ हजार मेडल र प्रमाणपत्र दोश्रो हुनेले नगद १० हजार मेडल र प्रमाणपत्र तेश्रो हुनेले नगद ५ हजार मेडल र प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी महिलातर्फ हेटौंडा-१३ कि साधना लोप्चन पहिलो, हेटौंडा-१३ कै गंगा मोक्तान दोश्रो र हेटौंडा-३ कि स्वस्तिका थिङ तेश्रो भएकी थिइन् । नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता एवम नेपाल तरुण दल जिल्लासदस्य राजकुमार बास्तोलाको सभापतित्वमा दौड प्रतियोगिता भएको हो ।

कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, ७ का वडाअध्यक्ष दामोदर गौतम, १६ का वडाअध्यक्ष रामकृष्ण कोइराला, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, कांग्रेस जिल्ला सचिव भीमसेन महत, पार्टी प्रवक्ता अर्जुनप्रसाद चौलागाई, नगरसभापति उत्सव ईटेनी, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, प्रहरीचौकी चौघडाका ईन्चार्ज बैजु सहनी लगायतको उपस्थिति थियो । प्रतियोगितामा ४ महिला सहित ३० जनाको सहभागिता रहेको थियो । तरुण दलले नयाँवर्षको अवसरमा प्रत्येक वर्ष खुल्ला दौड प्रतियोगिताको आयोजना गर्दै आएको छ ।

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०८३ को

अवसरमा सम्पूर्ण कर्मचारी, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. विश्वराम श्रेष्ठ
एवम्
**विशाल ब्लक उद्योग, परिवार**
हेटौंडा, मकवानपुर



साझाकुरा

## हाम्रो कुरा

# कपडा उद्योगमा महासंघको पहल

राष्ट्रिय गौरवको आयोजना फास्ट ट्र्याक निर्माणकार्यलाई तीव्रतादिन तथा हेटौंडा कपडा उद्योगसहित औद्योगिक क्षेत्रका बन्द उद्योग पुन:सञ्चालन गरी रोजगारी सिर्जना गर्न नेपाल पत्रकार महासंघले आग्रह गरेको छ । प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका हकहितलाई मुख्य एजेन्डा बनाउँदै नेपाल पत्रकार महासंघले १७ बुँदे ‘हेटौंडा घोषणापत्र २०८२’ जारी गरेको घोषणापत्रमा संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रताको रक्षा, प्रवर्द्धन र कार्यान्वयन महासंघको प्रमुख दायित्व रहेको उल्लेख छ । लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, उत्तरदायी शासन प्रणाली तथा नागरिक अधिकारको सुदृढीकरणमा स्वतन्त्र प्रेसको भूमिका अपरिहार्य हुने भन्दै महासंघले यस्ता मूल्यको रक्षामा आफू सदैव दृढ रहने जनाएको छ । हेटौंडामा भएको महासंघको केन्द्रीय समितिको चौथो पूर्णबैठकबाट जारी गरेको घोषणापत्रमार्फत् महासंघले प्रेस स्वतन्त्रता, सञ्चारक्षेत्रको आर्थिक सुरक्षा, श्रमजीवी पत्रकारको अधिकार, सरकारी विज्ञापन वितरण प्रणाली, सामाजिक सुरक्षा, लोकतान्त्रिक मूल्य र सञ्चार क्षेत्रको दीगो विकासका विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ । स्थानीय विकास र पर्यटन प्रवर्द्धनका विषय पनि घोषणापत्रमा समेटिएका छन् ।

मकवानपुरगढी, सहिद स्मारक पार्कलगायत मकवानपुरका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्न सरकारसँग माग गरिएको छ । सञ्चारक्षेत्रको नियमन, सञ्चालन र दीगो व्यवस्थापनका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था निर्माणमा सहकार्य गर्न तयार रहेको महासचिव रामप्रसाद दाहालले बताएका छन् तर, संविधान संशोधन, सञ्चारसम्बन्धी नीति तथा कानुन निर्माणका क्रममा संविधानको भावना, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, लोकतान्त्रिक मान्यता र प्रेस स्वतन्त्रताको मूल मर्मविपरीत निर्णय भए सशक्त खबरदारी गर्ने चेतावनी पनि महासंघले दिएको छ । सरकारी विज्ञापनलाई सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने सरकारको निर्णयलाई महासंघले गम्भीर आपत्तिजनक, असंवैधानिक र अव्यावहारिक भनेको छ । यस्तो नीतिले निजी तथा सामुदायिक सञ्चार माध्यम आर्थिकरुपमा कमजोर बन्ने, स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना हुने र अप्रत्यक्ष सेन्सरशिप बढ्ने महासंघको ठहर छ । महासंघले देशभर सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन सञ्चारमाध्यमको आर्थिक आधार कमजोर पार्ने नीतिले हजारौँ पत्रकार, सञ्चारकर्मी, प्राविधिक तथा कर्मचारीको रोजगारी संकटमा पर्ने चेतावनी दिएको छ । दूरदराजका क्षेत्रमा सञ्चालित स्वरोजगारमूलक साना सञ्चारमाध्यम बन्द हुने अवस्था आए स्थानीय तहसम्म सूचनाप्रवाह कमजोर भई नागरिकको सूचनाको अधिकारसमेत प्रभावित हुने बताइएको छ । महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी, समानुपातिक र न्यायोचित बनाउन सरकारसँग माग गरेको छ । निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यमलाई समान अवसर प्रदान गर्दै मापदण्डका आधारमा विज्ञापन वितरण गर्नुपर्ने महासचिव दाहालले बताए । घोषणापत्रमार्फत् प्रेस स्वतन्त्रता कुण्ठित गर्ने गरी ल्याइएको सरकारी नीतिबारे कानुन विद्हरुसँग छलफल गर्ने, पेशागत संगठनको सञ्जाल (पापड)सँग सहकार्य गर्ने र संविधान विपरीतको नीति अस्वीकार गर्ने उल्लेख गरिएको छ ।

सिंहदरबारमा पत्रकार प्रवेशमा रहेको कडाईलाई हटाई सूचना तथा समाचार संकलनमा सहजता ल्याउने पनि सरकारसँग आग्रह गरिएको छ । श्रमजीवी पत्रकारका समस्यालाई पनि महासंघले प्राथमिकताका साथ उठाएको छ । आर्थिक संकटको बहानामा पत्रकारलाई नियमित पारिश्रमिक नदिने, तलब कटौती गर्ने, सेवासुविधा घटाउने, अपमानजनक व्यवहार गर्ने र निष्कासनसम्मका घटना बढ्दै गएको भन्दै महासंघले यस्ता प्रवृत्तिप्रति गम्भीर असन्तुष्टि जनाएको छ । सञ्चार संस्थाहरुले पत्रकारलाई नियमित तलब उपलब्ध गराउन, बाँकी बक्यौता तत्काल भुक्तानी गर्न तथा श्रमअधिकारको पूर्णपालना गर्न महासंघले आग्रह गरेको छ । महासंघले सबै सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई श्रमजीवी पत्रकारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सरकारसँग माग गरेको छ । पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन गरी वृद्धि गर्न तथा त्यसलाई कानुनीरुपमा कार्यान्वयन गराउन आवश्यक व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ । श्रमजीवी पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने राष्ट्रिय अभियान सञ्चालन गर्ने प्रतिबद्धता पनि महासंघले व्यक्त गरेको छ । प्रत्येक सञ्चार प्रतिष्ठानले लोककल्याणकारी विज्ञापन तथा नाफाको रकमबाट श्रमजीवी पत्रकारको हकहितको लागि कल्यणकारी कोष बनाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्ने सर्वोच्च अदालतको फैसलालाई स्वागत गर्ने महासंघले निर्णय गरेको छ ।

# मतदाताले किन रोके प्रतिनिधिसभामा मधेसी दल ?



✍ राजेश विद्रोही

०८२ फागुन २१ मा सम्पन्न सैंीय निर्वाचनले मधेसी दल र नेताहरूको राजनीतिक यात्रामा गम्भीर धक्का दिएको छ । एक समय मधेस आन्दोलनको बलमा राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बनेका यी दलहरू यसपटक अप्रत्याशित रूपमा कमजोर मात्र देखिएका छैनन्, बरु आफ्नो आधार (बीउ) समेत जोगाउन नसकेर असफल भएका छन् । यो निर्वाचनमा मधेसी जनताले मधेसी दल र नेताहरूको प्रतिनिधिसभामा उपस्थिति र अस्तित्व आवश्यक ठानेनन् । उनीहरूलाई कांग्रेस, एमालेलगायतका परम्परागत दलहरूसँगै राखेर मूल्याङ्कन गरिएको देखिन्छ । यसको मुख्य कारण भनेको मधेसी दलहरूले उठाएका जातीय, क्षेत्रीय तथा सैंीयता मुद्दाले जनतामा न्याय भएको अनुभूति दिलाउन नसक्नु नै हो ।

तत्कालीन माओवादीले सैंीयताको एजेन्डाबाट पछि हटेपछि त्यसको नेतृत्व सम्हाल्दै अघि बढेको मधेस आन्दोलन पछिल्लो समय निकै कमजोर र अविश्वसनीय बन्दै गएको छ । आन्दोलनभित्र पुरानै शैलीमा शक्ति दुरुपयोग हुने क्रम रोकिएन, बरु शृंखलाबद्ध गुटबन्दी, सामन्तवादी सोच र जातीय अवसरवादले यसलाई थप जकड्यो । आन्तरिक र बाह्य रूपमा दोहोरो विभेद र उत्पीडनको सिकार बनेका आधारभूत मधेसी जनता, जसले जसबाट सामाजिक न्याय र मुक्तिको अपेक्षा गरेका थिए, फेरि पनि उनीहरूकै र पुरानै सामाजिक संरचनाको अधीनमा रहन बाध्य भए । यसले जनमानसमा गहिरो निराशा र आक्रोश पैदा गऱ्यो । फलस्वरूप जनताले यसपटकको निर्वाचनमा आफ्नो असन्तुष्टि प्रस्ट रूपमा अभिव्यक्त गर्दै ‘वार कि पार’ ‘अबकी बार, बालेन सरकार’ को नारा र मनोवृत्तिसहित नयाँ विकल्पतर्फ अभूतपूर्व समर्थन जनाएको देखिन्छ ।

### गम्भीर सङ्कटमा मधेसी दल

निर्वाचनमा मधेसी दल र नेताहरूको शर्मनाक पराजयकै कारण यतिबेला उनीहरूबीचमा एकताको सहकार्य फेरि चलिरहेको छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), सीके राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी, फदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी तथा अशोक राईलगायत नेतृत्वको समूहबिअहिले व्यापक छलफल र बहस चलिरहेको छ ।

चुनावी पराजयपछि सुरु भएको यो एकता प्रयासलाई केवल तत्कालीन राजनीतिक प्रतिक्रियाका रूपमा मात्र हेर्नु हुँदैन । यसले मधेसको राजनीतिलाई पुनर्जीवित गर्ने सङ्केत पनि दिएको छ । तर राजनीतिक परिस्थिति यति धेरै बदलिसकेको छ कि वर्तमान अवस्थामा मधेसी जनताले पुरानै शैलीको नेतृत्व सहज रूपमा स्वीकार्ने अवस्था देखिँदैन । त्यसैले यो एकता प्रयासलाई दिगो र प्रभावकारी बनाउन कसरी अघि बढ्ने भन्ने प्रश्न चुनौतीपूर्ण देखिन्छ ।

यसपटकको निर्वाचन परिणामले मधेसी दल र नेताहरूको वास्तविक अवस्था स्पष्ट रूपमा उजागर गरिदिएको छ, जसलाई उनीहरूले स्वीकार्नैपर्ने बाध्यता छ । यो अस्वीकृति र निषेधको परिस्थितिलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा उनीहरूको नयाँ राजनीतिक रणनीतिमा निर्भर रहनेछ । नेपाली समाज विविधतायुक्त र समावेशी संरचनामा आधारित छ । मधेसी दलहरूले यसलाई मुद्दा त बनाए तर ठोस समाधान दिन सकेनन् । उल्टै, उनीहरू जानाजान गलत राजनीतिक शक्तिहरूसँग प्रतिस्पर्धा र सहकार्यमा मुछिए ।

### पहिचान, जनविश्वासको क्षय र वितृष्णा

जुन वर्गबाट मधेसी जनताले आन्तरिक मुक्ति र स्वतन्त्रताको अपेक्षा गरेका थिए, तिनै शक्तिलाई काँधमा बोकेर उनीहरूले परिवर्तनको जिम्मा सुम्पिए । जसले त्यहाँका आधारभूत समुदायलाई गरिबी, भूमिहीन, सुकुम्बासी, मिटरब्याजीलगायतका दुष्चक्रमा पारे, उनीहरूलाई नै फेरि पनि समाजमा स्वीकार्न मधेसी दल र नेताले बाध्य पारे । यसको परिणामस्वरूप सामन्ती चरित्र, विभेद, अन्याय र अत्याचार झन् अदृश्य तरिकाले संस्थागत हुन पुगे । यही प्रवृत्तिले मधेसी जनतामा गहिरो वितृष्णा पैदा गऱ्यो । जसका कारण उनीहरूले आफ्नै दल र नेतालाई अस्वीकार गर्ने अवस्था सिर्जना भयो ।

यद्यपि, यो चुनावी परिणामले पहिचानको मुद्दा समाप्त भएको हो भन्ने निष्कर्ष निकाल्नु भ्रमपूर्ण हुनेछ । वास्तवमा, कमजोर रूपमा प्रयोग गरिएका पहिचान, आत्मसम्मान र नागरिक स्वाभिमानका विषयहरू झन् सशक्त रूपमा उभिएका छन् । यो परिणाम जनताको एउटा प्रयोग मात्र हो । र, पहिचानवादी शक्तिहरूका लागि चुनौतीसँगै अवसर पनि हो । जबसम्म नेपाली समाजमा विविधता रहन्छ, तबसम्म पहिचानको मुद्दा जीवित रहिरहन्छ । जबसम्म पहाडी-मधेसी सामाजिक संरचना कायम रहन्छ, तबसम्म यो विमर्श र सैर्ष समाप्त हुँदैन । फरक यति मात्र हो- शासकीय प्रवृत्तिका कारण कहिले यो कमजोर देखिन्छ त कहिले बलियो रूपमा उदाउँछ । त्यसैले यो चुनावी परिणामले पहिचानको मुद्दा अन्त्य भएको घोषणा गर्नु यथार्थ होइन । त्यो केवल भ्रम र हतोत्साहित मानसिकताको परिणाम हुनेछ । समाज रहँदासम्म लोकतन्त्रमा यो सैर्ष जीवित रहन्छ- चलिरहन्छ, बदलिन्छ । तर कहिल्यै समाप्त हुँदैन ।

### ऐतिहासिक पृष्ठभूमि र पतनको जरो

समानुपातिक मतपरिणाम हेर्दा जसपाले करिब एक लाख ८२ हजार, जनमत पार्टीले करिब ७९ हजार, अन्य दलहरूले २० हजार देखि ६० हजारसम्म मत प्राप्त गरेका छन् । कुनै पनि दलले प्रत्यक्षतर्फ थ्रेसहोल्ड काटेर राष्ट्रिय पार्टी बन्ने सफलता हासिल गर्न सकेनन् । अन्य साना दलहरूको समानुपातिक मत झनै कमजोर छ । तर यो परिणामलाई २०६४ को संविधानसभा निर्वाचनसँग तुलना गर्दा चित्र झन् स्पष्ट हुन्छ । त्यसबेला मधेसी दलहरूले ८० भन्दा बढी सिट जित्दै ‘किङ्मेकर’ को भूमिका खेलेका थिए । आज भने उनीहरू प्रत्यक्ष र समानुपातिकमा समेत थ्रेसहोल्ड पार गर्न सकेनन् ।

यसरी हेर्दा मधेसी दलहरूको पतन वा शून्यता अचानक भएको देखिँदैन । उनीहरूको दीर्घकालीन राजनीतिक व्यवस्थापनका कमजोरीहरूको परिणाम नै हो, जसको जरो इतिहासमै भेटिन्छ । मधेसको राजनीति तराई कांग्रेसबाट सुरु भएको मानिन्छ, जसलाई कुलानन्द झा, रामजनम तिवारी र वेदानन्दहरूले अघि बढाएका थिए । २०१७ सालमा बहुदलीय व्यवस्था समाप्त भएपछि यो आन्दोलन कमजोर भयो । तर २०४६ को जनआन्दोलनपछि पुन: लोकतन्त्र स्थापना भएसँगै मधेसी राजनीति पुनर्जीवित भयो । नेपाल सद्भावना पार्टीले २०४८, २०५१ र २०५६ का चुनावमा उल्लेखनीय सफलता हासिल गऱ्यो र मधेसको प्रतिनिधि शक्तिका रूपमा स्थापित भयो ।

### विभाजन र गुटबन्दीको दुश्चक्र

२०६३/६४ को मधेस आन्दोलन मधेसी राजनीतिका लागि उत्कर्षको क्षण थियो । यस आन्दोलनले सैंीयता, समावेशिता र समानुपातिक प्रतिनिधित्वको अवधारणालाई संस्थागत गरायो । २०६४ सालको संविधानसभा निर्वाचनमा मधेसी दलहरूले अभूतपूर्व सफलता हासिल गरे र सरकार निर्माणमा निर्णायक शक्ति बने । यसले मधेसका जनतामा ठुलो आशा जाग्यो । र, लाग्यो- अब हाम्रो आवाज राज्यको केन्द्रसम्म पुग्नेछ भनेर । तर यही सफलता दीर्घकालीन रूपमा टिक्न सकेन, ठुलो निराशामा परिणत भयो । आन्दोलनबाट जन्मिएका दलहरू सुदृढ सङ्गठन निर्माण गर्नुभन्दा आन्तरिक शक्ति संघर्षमा अल्झिन थाले । निरन्तर टुटफुट, विभाजन, आसेपासे र परिवारवादले उनीहरूको शक्ति क्षय हुँदै गयो । एउटै पार्टीबाट जन्मिएका नेताहरू फरक-फरक दलमा बाँडिए । जसले मत विभाजन गरायो र जनतामा भ्रम र निराशा सिर्जना गऱ्यो । आन्दोलनका एजेन्डाहरू सत्तामा पुगेपछि प्रभावकारी रूपमा अघि बढाउन सकेनन् ।

तर, समयसँगै नेतृत्वबिचको विवाद, गुटबन्दी, परिवारवाद र पदलोलुपताले पार्टीलाई कमजोर बनाउँदै लग्यो । गजेन्द्रनारायण सिंहको निधनपछि नेतृत्व सैर्ष झन् चर्कियो र पार्टी विभाजनको शृंखला सुरु भयो । यही प्रवृत्ति पछिल्ला सबै मधेसी दलहरूमा दोहोरियो । मधेस आन्दोलनको जगबाट जन्मिएका तत्कालीन मधेसी जनअधिकार फोरमबाट समेत आधा दर्जनभन्दा बढी दलहरू बने । उपेन्द्र यादव, विजय गच्छदार, महन्थ ठाकुर, राजेन्द्र महतो, जेपी गुप्ता, राजकिशोर यादवजस्ता नेताहरू फरक-फरक धारमा विभाजित भए । यतिसम्म कि जातीयताकै आधारमा मधेसी दलहरू मधेसका सामन्त जमिन्दारहरूको ठुलो राजनीतिक संरक्षणको केन्द्र बने । जसबाट मधेसी जनता मुक्ति चाहन्थे । तर उनीहरूले मधेसी जनताको त्यो सपना पूरा गर्न सकेनन् । बरु आफ्ना निहित स्वार्थपूर्ति राजनीतिक शक्तिको प्रतिस्पर्धामा लागे । जसले गर्दा जनतामा ठुलो वितृष्णा पैदा गऱ्यो ।

### फितलो संघीयता कार्यान्वयन

२२ जिल्लाको मधेस भूभाग ८ जिल्लाको मधेस प्रदेशमा सीमित भयो । यसलाई संघर्षको रूप दिन सकेनन् । आन्तरिक राष्ट्रियतालाई मजबुत तथा सामुदायिक समावेशितालाई सन्तुलित रूपमा अगाडि बढाउन सकेनन् । नेतृत्वहरू आत्मरक्षातिर लागे । सैंीयता कमजोर अवस्थामा पुग्यो । एउटै नेतृत्व लामो समयसम्म हाबी रह्यो र नयाँ पुस्तालाई अवसर दिइएन । युगसापेक्ष दलीय नेतृत्वको पुस्तान्तरण, हस्तान्तरण र सामुदायिक समावेशिता तथा सामुदायिक स्वीकारोक्तिमा ठुलो कमजोरी गरे । सत्ताकेन्द्रित राजनीतिमा चुर्लुम्म डुबे, जहाँ जनताको मुद्दाभन्दा एक थान मन्त्री पदको प्राथमिकतामा अल्झिए । र, राजनीति यस्तै हो र हुन्छ भनेर आत्मसात् गरे ।

यसका साथै, पहिचान राजनीतिमा आएको थकान पनि महत्त्वपूर्ण पक्ष हो । समयसँगै मतदाताको प्राथमिकता परिवर्तन भएको छ । आजको मतदाता रोजगारी, शिक्षा, स्वास्थ्य र सुशासनजस्ता प्रत्यक्ष जीवनसँग जोडिएका मुद्दामा बढी केन्द्रित छन् । मधेसी दलहरूले यी क्षेत्रमा ठोस परिणाम दिन नसक्दा उनीहरूको प्रभाव घट्दै गयो । मधेसभित्रको सामुदायिक समावेशिता, आन्तरिक राष्ट्रियता तथा औपनिवेशिकीकरणको समस्या झन् विकराल बन्दै गयो ।

नयाँ शक्ति रास्वपाहरूको उदयले मधेसी दलहरूलाई चुनौती दिएको छ । वैकल्पिक राजनीतिक शक्तिहरू र नयाँ पुस्ताका नेताहरूले भ्रष्टाचारविरुद्धको एजेन्डा, सुशासन र विकासको वाचा अघि सारे । यसले मधेसमा समेत प्रभाव पार्दै परम्परागत मत आधारलाई कमजोर बनायो । आजको मतदाता पहिलेभन्दा धेरै सचेत र आलोचनात्मक बनेका छन् । सामाजिक सञ्जाल र प्रविधिको विस्तारले उनीहरूलाई सूचनामा पहुँच दिएको छ । अब मतदाता केवल पहिचानका आधारमा होइन, काम र परिणामका आधारमा मतदान गर्न थालेका छन् । यही परिवर्तित सन्दर्भमा मधेसी दलहरूको वर्तमान अवस्था बुझ्न आवश्यक छ । उनीहरूको शर्मनाक पराजय आकस्मिकता होइन, बरु दीर्घकालीन राजनीतिक कमजोरी, नेतृत्व सङ्कट, एजेन्डा क्षय र बदलिँदो मतदाता मनोविज्ञानको परिणाम हो । यद्यपि, यसलाई अन्त्यका रूपमा बुझ्नु गलत हुनेछ । अहिले देखिएको सङ्कट वास्तवमा पुनर्संरचना र रूपान्तरणको अवसर पनि हो ।

यदि मधेसी दलहरूले समयअनुसार आफूलाई परिवर्तन गर्न सके- एकता कायम गर्ने, नयाँ नेतृत्व अघि ल्याउने, समावेशी संरचना निर्माण गर्ने, विकासमुखी एजेन्डा अघि बढाउने र सुशासनमा ध्यान दिने, आजको युग र प्रविधि अनुसार पार्टी पुनर्गठन, नेतृत्वको हस्तान्तरण-पुस्तान्तरण तथा सामुदायिक समावेशिताले भने उनीहरू पुन: सशक्त बन्न सक्छन् । अन्यथा उनीहरू इतिहासको एउटा महत्त्वपूर्ण अध्यायमा सीमित हुनेछन् । किनभने राजनीति स्थिर हुँदैन । यो निरन्तर परिवर्तनशील प्रक्रिया हो । जसले समयको माग बुझ्छ, ऊ टिक्छ र जसले बुझ्दैन, ऊ इतिहास बन्छ । मधेसी दलहरू आज यही दोबाटोमा उभिएका छन्- पुनर्जागरणको बाटो रोज्ने कि इतिहास बन्ने ? आगामी यात्रा निकै कठिन बनेको छ ।

*(साभार: अनलाइनखबर)*

# प्रदेशको औचित्यमाथि अनावश्यक प्रश्न

✍ श्रीमन नारायण

आम निर्वाचन २०८२ को मत परिणाम ऐतिहासिक, अभूतपूर्व र उत्साहजनक रह्यो । नेपाली जनताले देशका स्थापित एवं पुराना राजनीतिक दल र तिनका नेताहरुको अहंकारलाई ध्वस्त पार्दै राष्ट्रिय स्वतन्त्र पार्टीलाई दुई तिहाइ जनादेश दिए । रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहको नेतृत्वमा देशमा नयाँ सरकार अस्तित्वमा आएको छ । आम निर्वाचन २०८२ मूलत: बालेन साहकै नाम र उनको लोकप्रियताकै वरिपरि केन्द्रित थियो । स्व. बीपी कोइरालाको नेतृत्वमा वि.सं.२०१५ मा नेपाली कांग्रेसले लडेको चुनाव र हालै बालेन्द्र साहको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टीले लडेको चुनाव पूर्णत: नेता अथवा व्यक्ति केन्द्रित थियो । व्यक्तिको अनुहारसामु पार्टीको उचाइ बढी थिएन । प्रधानमन्त्रीको नाममा चुनाव लड्ने रास्वपाको अघोषित अथवा घोषित रणनीतिलाई पनि जनताले सहजरुपमा स्वीकार गरे । दुई तिहाइ जनादेश यसको प्रमाण हो । बालेन्द्र साह नेतृत्वको सरकारले देशमा परिवर्तनको अनुभूति गराउने र कतिपय ठूला एवं क्रान्तिकारी निर्णय लिने सम्भावना व्यक्त भइरहेका छन् । बालेन साहको नेतृत्वको सरकारद्वारा चालिएका केही पाइलाले यसको पुष्टि पनि गर्दछ ।

नेपालको संविधान २०७२ मा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा परिभाषित गरिएको छ । विगत साढे आठ वर्षदेखि देशमा व्यावहारिक रुपमा नै संघीय संरचना लागू भइसकेको छ । करिब २५० वर्ष पुरानो एकात्मक शासन प्रणालीको संरचनामा अभ्यस्त भइसकेको नेपाललाई राज्य पुनर्संरचना गरी संघीय संरचनामा लैजानु कम चुनौतीपूर्ण कार्य थिएन । त्यसमा पनि नेपाली कांग्रेस, राप्रपा, नेकपा एमाले र कतिपय स-साना बामपन्थी दलहरु सिद्धान्तत: नै यसका विरोधी थिए । संघीयता विरोधीहरु त शुरुदेखि नै यसलाई औचित्यहीन र गलत साबित गर्न लागिपरेका छन् ।

अहिले पनि उपरोक्त मानसिकताहरु नै प्रदेश संरचना खर्चिलो भयो, यसको औचित्य छैन भन्ने दाबी गरिरहेका छन् । तर प्रदेश संरचनालाई औचित्यहीन बताउनेहरुसित यसबारे कुनै प्रस्ट तर्क र तथ्य छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको वर्तमान सरकारले प्रदेश संरचना खारेज गरिदिनुपर्छ भन्ने पक्षमा एउटा पक्ष दत्तचित भएर लागिपरेको छ तर बालेन सरकारले प्रदेश सरकारलाई खारेज गर्ने सम्भावना देखिँदैन ।

नेपालजस्तो भौगोलिक बनोट भएको देशमा सबै क्षेत्रको द्रुत विकासको निम्ति संघीयता चाहिन्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक पहिचानको विकासको निम्ति संघीयता आवश्यक छ । नेपालमा संघीयताको माग २०१० सालदेखि उठ्दै आएको हो । तराई कांग्रेस, नेपाल सद्भावना पार्टी र फोरमजस्ता दलहरु यस मुद्दालाई चर्कोरुपमा उठाउँदै आएका छन् । नेकपा माओवादीको एक दशक लामो सशस्त्र संघर्षमा पनि यो एउटा प्रमुख राजनीतिक माग थियो । प्रादेशिक संरचना अथवा संघीयता महँगो अथवा खर्चिलो भन्ने दाबी पनि निराधार छ ।

प्रदेश संरचना महँगो भयो र यसलाई पाल्न एक खर्ब खर्च हुन्छ भन्ने दावी गरिँदै छ । सैद्धान्तिक रुपमा प्रदेश संरचनाको पक्षमा नेपालका कुनै पनि ठूला दलहरु थिएनन् । निर्दलीयता र निरंकुशताका पक्षधर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट यसको समर्थन हुने अपेक्षा गर्न सकिँदैन । राप्रपा शुरुदेखि एकात्मक शासन प्रणालीको पक्षमा रही आएको छ । प्रदेश संरचनाको विरोध गर्ने कुनै पनि अवसरलाई यो खाली जान दिएको छैन । प्रधानमन्त्री बालेन्द्र साहले जनकपुरधामको आमसभामा संघीयतालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे भने झापा-५ को भाषणमा प्रदेश संरचना महँगो छैन भनेका थिए । यद्यपि राष्ट्रिय स्वतन्त्र पार्टीभित्र एउटा ठूलो यस्तो समूह छ, जो प्रदेश संरचनाको विरोधमा देखिन्छ ।

महालेखा नियन्त्रक कार्यालयले केही हप्तापहिले सार्वजनिक गरेको तीनवटै तहको एकीकृत वित्तीय विवरण २०८१/०८२ अनुसार तीनै तहका कर्मचारी र पदाधिकारीलगायतहरुको कुल खर्च ३ खर्ब १० खर्ब छ । यस खर्चमा प्रदेशको खर्च १४ अर्ब ५४ करोड (४.६९ प्रतिशत) मात्र छ । तिनै तहको पदाधिकारी र कर्मचारीमा भएको खर्चको ५ प्रतिशतभन्दा पनि कमलाई नै सर्वाधिक खर्च भनेर जनतामा नकारात्मक भाष्य बनाउन खोज्नु दुर्भाग्यपूर्ण हो । बजेटको आयतन एकदम थोरै भए तापनि पूँजी निर्माणमा प्रदेश तह, संघीय र स्थानीयभन्दा सही दिशामा उल्लेख भएको नेपाल सरकार तथा विश्व बैंकलगायतकाहरुको प्रतिवेदनमा छ । ७ वटै प्रदेशको बजेटभन्दा धेरै बढी त सिंहदरबारका केही मन्त्रालयहरुको छ ।

प्रदेशहरुको बजेट लगभग सबै पालिका र निर्वाचन क्षेत्रहरुमा पुग्छ । तर सिंहदरबारका मन्त्रालयको बजेट मन्त्री, सांसद, नेता र बिचौलियाहरुको निर्वाचन क्षेत्रमा मात्र जाने गरेको छ । जबकि यसको वितरण न्यायोचित तरिकाले र सबै जनसंख्या लाभान्वित हुने गरी हुनुपर्छ । संघीय सांसदहरु आफ्नो कमी-कमजोरी र असफलतालाई ढाकछोप गर्न प्रदेशकै कारण देशको बजेट दुरुपयोग भइरहेको र प्रदेशहरुले धेरै बजेट खाएको जस्तो आरोप लगाउँछन् । जबकि प्रदेशको बजेट सबै पालिका र वडाहरुमा समेत जाने गर्दछ ।

आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८१/०८२ को खर्च १५ खर्ब २३ खर्बभन्दा कम हो । प्रदेश सरकारको बजेटले सडक निर्माण, विद्यालय र अस्पताल भवन निर्माण, सार्वजनिक भवन निर्माण, दलितहरुको घर निर्माण, गरिबको घर निर्माणलगायतका अनेकौं उल्लेखनीय काम भएका छन् । समय-समयमा कर्मचारी पनि भर्ना भएको देखिन्छ । सीमित स्रोत, साधन, बजेट, सीमित अधिकारका बाबजुद प्रदेश सरकारको काम सन्तोषजनक र सराहनीय नै छ । नेपालको संविधान २०७२ मा प्रदेश सरकारलाई बलियो र अधिकार सम्पन्न बनाइएकै छैन । प्रदेश सरकारभन्दा बढी शक्तिशाली त स्थानीय तहलाई बनाइएको छ ।

संघीयताको मर्मअनुसार स्थानीय तह त प्रदेशको अधीनमा रहने हो तर यहाँ स्थानीय तहलाई प्रदेशको सौताको रुपमा स्थापना गरिएको छ । स्थानीय तहको प्रत्यक्ष सम्बन्ध सिंहदरबार सित रहेको छ । बजेटको विनियोजनदेखि लिएर कार्यालय प्रमुखको नियुक्ति र सरुवा पनि सिंहदरबारबाट नै हुँदै आएको छ । स्थानीय पालिकाहरुले आफ्नो निम्ति नगरप्रहरीको नियुक्ति गरेका छन् तर प्रदेशले यो काम पनि गर्न सकेको छैन । प्रमुख जिल्ला अधिकारीको सरुवा पनि संघीय सरकारबाट नै हुँदै आएको छ, यस्तोमा प्रदेशको त महत्व नै रहेन ।

हामीले संघीयताको सफल उदाहरण हेर्न अन्त जानै पर्दैन । दक्षिणी छिमेकी भारतको सफल संघीयताबाट धेरै कुरा सिक्न सक्छौं । त्यहाँ प्रदेशहरुको संरचना जातीय र भाषिक एकरुपता, क्षेत्रफल र भौगोलिक बनोटको आधारमा भएको छ, त्यसको सुखद परिणाम पनि आएको छ । सिक्किम अर्गानिक खेती र चियाको निम्ति प्रसिद्ध छ । पर्यटकहरुको निम्ति आकर्षणको केन्द्र बनेको छ । हिमाचल प्रदेश र उत्तराखण्ड जडीबुटी, धार्मिक पर्यटन, अर्गानिक खेती र फलफूल उत्पादनको लागि प्रसिद्ध छ । पञ्जाव, हरियाणा र पश्चिमी उत्तर प्रदेश खेतीको निम्ति प्रसिद्ध छ, उद्योग-धन्धाको निम्ति पश्चिमी उत्तर प्रदेश, हरियाणा, दिल्ली, पञ्जाव, गुजरात, महाराष्ट्र, कोलकाता र तमिलनाडु प्रख्यात छन् ।

मध्यप्रदेश, विहार र उडिसाजस्ता राज्यहरु कृषि, धार्मिक पर्यटन र आफ्नो स्थानीय उत्पादनको निम्ति प्रसिद्ध छन् । कर्नाटक, आन् र तेलंगना त शिक्षा र आईटीको पनि हब बनेको छ । त्यसबाहेक त्यहाँ एकसे एक कारखानाहरु पनि छन् । पूर्वोत्तर क्षेत्र चिया, पर्यटन र अर्गानिक खेतीको निम्ति प्रसिद्ध छ । हाम्रो देशमा पनि पहाडी क्षेत्रमा फलफूल, जडीबुटी र अर्गानिक खेतीको निम्ति अपार सम्भावना छ तर यहाँ उत्तर-दक्षिण संघीय संरचनाका कारण न त पहाडी क्षेत्रको विकास हुन सक्यो, न त मधेसको नै ।

मधेसमा कृषि र उद्योगको निम्ति सम्भावना छ तर संघीय सरकारले समुचित सहयोग नै गरेको छैन । प्रदेश सरकारको नेतृत्व गर्ने मधेसी र गैरमधेसी दलहरुसित पनि प्रदेश सरकारको आर्थिक विकास र समग्र विकासको निम्ति प्रस्ट भिजन देखिएन । संघीयताको औचित्य र आवश्यकताको पुष्टि गर्नमा अहिलेसम्म संघीयतावादी दलहरु पनि सफल भएका छैनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ बैशाख ४ गते शुक्रबार १७ अप्रिल २०२६ । औंसी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४० सूर्यास्त ६:२९ । मातातीर्थ औंसी (आमाको मुख हेर्ने दिन)

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलो यात्रा हुनेछ | **तुला** | : धार्मिक आस्था बढ्नेछ |
| **वृष** | : धन कमाउने योग परेको छ | **वृश्चिक** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| **मिथुन** | : पश्चात्ताप लाग्नेछ | **धनु** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **कर्कट** | : शारीरिक आलस्यता बढ्नेछ | **मकर** | : मेहनतको फल पाइनेछ |
| **सिंह** | : सकारात्मक सोचाइ रहनेछ | **कुम्भ** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कन्या** | : दया मायाका कार्य हुनेछन् | **मीन** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# नेप्सेमा अब दुई 'सर्किट ब्रेक', चौबिसै घण्टा 'अर्डर' हाल्न सकिने




काठमाडौं/सेयर लगानीकर्ताले चौबिसै घण्टा सेयर खरिद बिक्रीको आदेश (अर्डर) दिन सक्ने भएका छन् । नेपाल स्टक एक्स्चेन्ज (नेप्से) को कारोबार विनियमावली प्रस्ताव धितोपत्र बोर्डले स्वीकृत गरेको छ । जुन प्रस्तावअनुसार खरिद बिक्री आदेशका लागि नियमित कारोबारको समय पर्खनु पर्दैन ।

नेप्सेले धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ लाई समय सापेक्ष बनाई संशोधन प्रस्ताव धितोपत्र बोर्ड पठाएको थियो । नेप्सेले प्रस्ताव गरेका केही व्यवस्थामा परिमार्जन गरेर बोर्डले स्वीकृत गरेको छ ।

नेप्सेले प्रस्ताव गरे अनुसारको सर्किट ब्रेक, कम्पनीको सेयर मूल्यमा उतारचढाव सीमा, कारोबार आदेश गर्न सकिने समयमा केही हेरफेर गरेर सञ्चालक समितिले स्वीकृत गरेको बोर्डका एक अधिकारीले बताए ।

'नेप्सेले तीन वटा सर्किटको प्रस्ताव गरेको थियो,' ती अधिकारीले भने, 'बोर्डले स्वीकृत गर्दा २ वटामा सीमित गरेको छ, त्यसैगरी कारोबारका लागि अर्डर हाल्न मिल्ने समय कारोबार समयबाहेक साँझ ६ बजेदेखि बिहान ६ बजे प्रस्ताव गरेकोमा बोर्डले त्यसलाई चौबिसै घण्टा बनाएको हो ।'

कारोबार समयका कारण विदेशमा रहेका कतिपय नेपालीले दोस्रो बजारमा लगानी गर्न नपाएको गुनासो सुनवाई गर्न नियमित कारोबार समयपछि पनि अर्डर गर्न सकिने व्यवस्था गरेको ती अधिकारीको भनाइ छ । 'नेप्सेको नियमित कारोबार दिउँसो ३ बजे बन्द हुन्छ, नयाँ व्यवस्थापछि बजार बन्द भए पनि खरिद बिक्री आदेश प्रविष्ट हुन्छ,' उनले भने, 'धितोपत्र प्राथमिक बजारका लगानीकर्ता दोस्रो बजारमा प्रवेश गराउनलाई पनि 'अफ आवर' खरिद/बिक्री आदेशको व्यवस्था गरिएको हो ।'

नेप्सेको नियमित कारोबार सकिएपछि खरिद/बिक्री आदेश दिनेले सोही दिनको अन्तिम मूल्यका आधारमा तोकिए अनुसार मूल्य घटाइ वा बढाइ खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था संशोधित विनियमावलीमा गरिएको छ । नेप्सेको नियमित कारोबार बिहान ११ बजे सुरु भई दिउँसो ३ बजे सकिन्छ । संशोधित विनियमावली अनुसार नियमित कारोबार समय बाहेक कुनै पनि समयमा अनलाइन खरिद वा बिक्री आदेश गर्न सकिन्छ ।

धितोपत्र बोर्डमा पठाएको विनियमावलीको संशोधन प्रस्ताव स्वीकृत भएर आएको नेप्सेका प्रवक्ता मुराहरी पराजुलीले बताए । 'बोर्डले स्वीकृत गरेको संशोधन नेप्सेको सञ्चालक समितिले निर्णय गरेर लागु गर्नेछ,' पराजुलीले भने, 'आगामी सातासम्म नेप्सेले पनि र्णिय गरेर लागु नै हुन्छ ।'

नियमित कारोबार बाहेकको समयमा खरिद/बिक्री आदेश दिँदा कम्पनीहरूको सेयर मूल्यको हकमा अन्तिम मूल्यमा २ प्रतिशत बढी वा घटी गरेर मूल्य तोक्न सकिन्छ । नेप्सेले पनि आफ्नो कारोबार प्रणाली सो अनुसार तयार गरिसकेको छ । हाल नेप्सेमा बिहान १० : ३० देखि १० : ४५ सम्म प्रि ओपन कारोबार हुन्छ भने ११ बजेदेखि ३ बजेसम्म नियमित कारोबार हुन्छ । हाल सो समयमा मात्र अर्डर दिन सकिने व्यवस्था छ ।

नयाँ व्यवस्थापछि गैरआवासीय नेपालीलाई सेयर कारोबार गर्न पनि सहज हुने बोर्डका ती अधिकारीको भनाइ छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीलाई कारोबार गर्न अनुमति दिन सुझाएको छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ दफा ९ र १० परिमार्जन गरी, पूँजी लगानी कोष खडा नगरिकन व्यक्तिगत रुपमा नै गैरआवासीय नेपाली नागरिकता परिचयपत्रको आधारमा कारोबार गर्न दिने व्यवस्था गर्न सुझाएको छ । त्यसैगरी आयोगले दोस्रो बजारमा सेयर खरिदका लागि लगानीकर्ताले भित्र्याएको रकमको एक वर्षमा दुई पटक ५०-५० प्रतिशतसम्म रकम फिर्ता लान सक्ने व्यवस्था गर्नुपर्ने सुझाएको छ । यो व्यवस्था पनि धितोपत्र बोर्डले गरेको खण्डमा पूँजी बजार मा गैरआवसीय नेपालीको लगानी आउने सम्भवाना उच्च रहन्छ ।

संशोधित प्रावधान अनुसार नेप्सेको हालको ३ वटा सर्किट ब्रेकर २ मा झरेको छ । जेनजी आन्दोलनपछि बनेको सरकारका अर्थमन्त्री रामेश्वर खनालको पहलमा सेयर बजार सुधार सुझाव कार्यदल गठन भएको थियो । बोर्डका कार्यकारी निर्देशक रुपेश केसीको संयोजकत्वमा गठित कार्यदलको सुझाव अनुसार बोर्डले सर्किट ब्रेकर सम्बन्धी व्यवस्था थप खुकुलो बनाउन लागेको हो ।

कार्यदलले हाल प्रचलनमा रहेको नेप्से सूचकांकलाई इक्वीटी इन्डेक्सको रुपमा कायम राखी कारोबारयोग्य सेयरहरूको आधारमा नयाँ सूचकांक विकास गर्ने र त्यसलाई बेञ्चमार्क सूचकांकको रूपमा प्रयोग गर्ने तथा सोही आधारमा सर्किट ब्रेकरको नियम पुनरावलोकन गर्न सुझाएको थियो ।

अहिले कारोबारको पहिलो एक घण्टाभित्रमा ४ प्रतिशत नेप्से बढेमा वा घटेमा पहिलो सर्किट ब्रेक लाग्छ र कारोबार २० मिनेट स्थगित हुन्छ । त्यस्तै दोस्रो पटक खुलेको बजारमा ५ प्रतिशत नेप्से बढेमा वा घटेमा दोस्रो सर्किट ब्रेक लाग्छ र ४० मिनेटसम्मका लागि कारोबार स्थगित गरिन्छ । त्यसपछि खुलेको बजार सूचकमा ६ प्रतिशतको वृद्धि वा गिरावट भएको खण्डमा दिनभरिका लागि कारोबार बन्द गर्ने अभ्यास छ ।

बोर्डबाट स्वीकृत भएको नयाँ व्यवस्था अनुसार दुई सर्किटका लागि सीमा ५ प्रतिशत र ८ प्रतिशत तोकिएको छ । कारोबार सुरु भएको पहिलो २ घण्टामा नेप्से सूचक ५ प्रतिशतले घटेमा वा बढेमा सर्किट ब्रेकर प्रयोग हुनेछ । यसरी पहिलो सर्किट लागेपछि १५ मिनेटका लागि कारोबार बन्द गर्ने व्यवस्था गरिएको बोर्डका ती अधिकारीले जानकारी दिए । त्यसैगरी पहिलो सर्किटपछि खुलेको बजार ८ प्रतिशते बढेमा वा घटेर सो दिनको कारोबार नै बन्द हुने व्यवस्था संशोधित विनियमावलीमा गरिएको ती अधिकारीले बताए । सर्किट ब्रेकर सम्बन्धी व्यवस्थामा नेप्सेले प्रस्ताव गरेभन्दा बोर्डले केही परिवर्तन गरेको छ । नेप्से पठाएको प्रस्तावमा सर्किट ब्रेकर लाग्ने दरको सीमा ४, ६, ८ प्रतिशत उल्लेख थियो ।

*(स्रोत: अनलाइनखबर)*

# अरनिकोमा अंग्रेजी माध्यममा पठनपाठन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ हेटौंडा-१९, नेवारपानीस्थित अरनिको माध्यमिक विद्यालयले अंग्रेजी माध्यममा पठनपाठन गर्न सुरु गरेको छ ।

शैक्षिक सत्र २०८२ मा पूर्वप्राथमिक तहदेखि ३ कक्षासम्म अंग्रेजी माध्यममा पठनपाठन गरेको विद्यालयले नयाँ शैक्षिक सत्र २०८३ देखि कक्षा ४ सम्म अंग्रेजी माध्यममा पठनपाठन गर्ने जनाएको छ । बुधबार विद्यालय परिसरमा पत्रकार सम्मेलन गरेर नयाँ शैक्षिकसत्रमा विद्यालयको समग्र शैक्षिक सुधारको प्रयास गरिएको प्रधानाध्यापक विष्णु परियारले जानकारी दिएका छन् । अभिभावकको मागअनुसार अंग्रेजी माध्यममा पठनपाठन गर्न लागेपछि विद्यार्थी संख्यामा वृद्धि भएको बताउदै प्रधानाध्यापक परियारले विद्यालयको समग्र सुधारको प्रयास भइरहेको बताए ।

विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, कर्मचारी सबै मिलेर विद्यालयको शैक्षिक सुधारका क्रियाकलाप भइरहेको उनको भनाइ छ । २०८२ सालको वार्षिक परीक्षामा ३१ जना अनुपस्थित हुँदा ४ सय ७१ जना विद्यार्थीले परीक्षा दिएका थिए । परीक्षामा सहभागीमध्ये कक्षा ९ सम्मका १ सय ४१ जना विद्यार्थी अनुत्तीर्ण हुँदा २ सय ८१ विद्यार्थी उत्तीर्ण भएका छन् । यसवर्ष अरनिको माविबाट ४९ जना विद्यार्थीले एसईई दिएका छन् । पत्रकार सम्मेलनमा वडाध्यक्ष नरनाथ सुवेदीले विद्यालयको समग्र विकासमा वडा कार्यालयले निरन्तर साथ, सहयोग गर्दै आएको बताए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष गान्धी घलानले पछिल्लो समय विद्यालयको शैक्षिक वातावरण राम्रो हुँदै गएको बताइन् । सबैलाई समेटेर, सबैको साथ र सहयोगमा विद्यालयको शैक्षिक वातावरण सकारात्मक बन्दै गएको उल्लेख गर्दै अझै धेरै मिहेनत आवश्यक रहेको अध्यक्ष घलानले बताइन् ।

पत्रकार सम्मेलनमा सहभागी सञ्चारकर्मीले विद्यालयको शैक्षिक सुधारका लागि प्रधानाध्यापकको समन्वयकारी तथा नेतृत्वदायी भूमिका रहनुपर्ने सुझाव दिएका छन् । पत्रकार सम्मेलनमा विद्यालयको शिक्षक अभिभावक संघ अध्यक्ष रामप्रसाद पौडेलको उपस्थिति रहेको थियो ।

# सकारात्मक सोचको विकास गर्न सन्दिपको सुझाव



साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका स्टार स्पिनर सन्दिप लामिछानेले बुधबार हेटौंडा भ्रमण गरेका छन् । हेटौंडा स्पोर्टस् एकेडेमीको निमन्त्रणामा आएका लामिछानेले हेटौंडा-४, गर्दोईस्थित हेटौंडा स्पोर्टस एकेडेमीको अवलोकन गरेका हुन् ।

एकेडेमीमा आयोजित विशेष कार्यक्रमकाबीच लामिछानेले त्यहाँ प्रशिक्षणरत खेलाडीसँग आफ्ना खेलजीवनका अनुभव साटासाट गरे । खेलाडीसँग प्रश्नोत्तर गर्दै उनले सफलताका लागि अनुशासन र मानसिक स्वास्थ्य आवश्यक भएको बताए । सधैं अनुशासित भएर अगाडि बढ्न र खेलमा आफूलाई के कुराले खुशी बनाउँछ, त्यसमा ध्यान केन्द्रित गर्न लामिछानेले सुझाव दिएका छन् । उनले खेलाडीलाई सकारात्मक सोचको विकास गर्न सुझाव दिँदै राम्रा पुस्तकहरु पढ्न, प्रेरणादायी फिल्महरु हेर्न र नयाँ ठाउँको भ्रमण गर्न सुझाव दिए ।

अन्तरक्रियाका क्रममा उनले आफूलाई क्रिकेट बाहेक बास्केटबल खेल निकै मनपर्ने र भारतीय क्रिकेटर सचिन तेन्दुलकरबाट आफू प्रभावित रहेको बताए । बाल्यकाल भारतमा बितेपनि आफूले क्रिकेट नेपालमै सिकेको लामिछानेको भनाइ छ । हारजीतलाई खेलको स्वभाविक प्रक्रिया बताउँदै खेलाडीले आफूलाई मानसिकरुपमा सधैं स्वस्थ्य राख्नुपर्नेमा उनको जोड थियो । 'जब तपाईं उपलब्धि हासिल गरेर आफ्नो कठिन यात्रालाई फर्केर हेर्नुहुन्छ, तबमात्र वास्तविक गर्व महसुश हुन्छ', लामिछानेले बताए । अन्तरक्रियामा मकवानपुरका क्रिकेटर शुभ कंसाकार पनि सहभागी थिए ।

# सम्पत्ति जाँचबुझ आयोगले कसरी गर्छ काम ?

काठमाडौं/सरकारले सार्वजनिक ओहोदामा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न न्यायिक आयोग गठन गर्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रसिंह भण्डारीको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गर्ने निर्णय गरेको हो ।

आयोगमा पुनरावेदन अदालतबाट अवकाश भएका न्यायाधीशहरू पुरुषोत्तम पराजुली र चण्डीराज ढकाल छन् । नेपाल प्रहरीका पूर्वडिआईजी गणेश केसी र चार्टर एकाउन्टेन्ट प्रकाश लम्साललाई आयोगको सदस्य तोकिएको छ ।

सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत रहनेगरी सम्पत्ति जाँचबुझ समिति बनाउने भनेकोमा बुधबारको मन्त्रिपरिषद्ले भने यसअघिकै शैलीमा शक्तिशाली जाँचबुझ आयोग गठनको निर्णय गरेको हो ।

आयोगले २०८२/८३ देखि २०६२/६३ सालसम्म सार्वजनिक पदमा रहेका प्रमुख राजनीतिक पदाधिकारीदेखि उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति जाँचबुझ गर्नेछ । सरकारले यसअघि सार्वजनिक गरेको सय बुँदे कार्य योजना अनुसार, दुई चरणमा सम्पत्ति जाँचबुझ गर्ने आयोगले सुरुमा २०८२/०८३ देखि २०६२/०६३ को अवधिसम्म सम्पत्ति अनुसन्धान गर्नेछ ।

दोस्रो चरणमा २०६२/६३ को जनआन्दोलनदेखि २०४८ सालसम्मको अवधिको सम्पत्ति जाँचबुझ गर्ने योजना बनाएको छ । उक्त समितिलाई 'आवश्यक कागजात, विवरण तथा अभिलेख सङ्कलन, विश्लेषण तथा सिफारिस गर्ने' अधिकार हुनेछ ।

जाँचबुझ आयोगको अधिकार क्षेत्र गत असोजमा जेनजी आन्दोलनमा भएको दमन र विध्वंसबारे जाँचबुझ गर्न गौरीबहादुर कार्कीको नेतृत्वमा गठन भएको आयोगको सरह हुनेछ ।

**कसरी काम हुनेछ ?**

भ्रष्टाचार निवारण ऐन, २०५९ मा सार्वजनिक पदमा बसेका व्यक्तिहरूले गैर कानुनी सम्पत्ति आर्जन गर्न नहुने व्यवस्था छ । र, उनीहरूले कानुन विपरीत सम्पत्ति जोडे र अस्वाभाविक जीवनयापन गरेको भेटिएमा गैर कानुनी सम्पत्ति आर्जन गरेको मानी भ्रष्टाचारको मुद्दा चल्ने कानुनी व्यवस्था छ ।

सार्वजनिक पदमा नभएका व्यक्तिहरूको हकमा यो कानुन आकर्षित हुन सक्दैन, तर उनीहरूको अस्वाभाविक सम्पत्ति भेटिएमा सम्पत्ति शुद्धीकरण गरेको आरोपमा अनुसन्धान हुनसक्छ, त्यसका लागि उनीहरूले केही अरू अपराध गरेको प्रमाण पनि भेटिनुपर्छ ।

गैर कानुनी सम्पत्ति आर्जन गरेको पुष्टि भए आरोपितहरू माथि एकदेखि तीन वर्षसम्म कैद अनि बिगो र जरिवानाको व्यवस्था छ । त्यसरी पुष्टि भएको गैर कानुनी सम्पत्ति समेत जफत हुने व्यवस्था छ । बहालवाला न्यायाधीश र सैनिकहरूमाथि अनुसन्धान गर्न नसक्ने अख्तियारले अवकाशपछि भने छानबिन गर्न पाउँछ ।

सरकारले योजना बनाएको आयोगले सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति जाँचबुझ गरे पनि आफैं कारबाही थाल्न वा मुद्दा चलाउन सक्दैन । त्यसका लागि उसले अख्तियारमा सिफारिस पठाउनुपर्नेछ । यसअघि तत्कालीन देउवा सरकारले २० फागुन २०५८ मा '२०४७ साल पछिका सरकारी सुविधामा बस्नेहरूको सम्पत्ति छानबिन गर्न' न्यायिक जाँचबुझ आयोग गठन गरेको थियो ।

२४ फागुनमा राजपत्रमा प्रकाशित सूचना अनुसार, सर्वोच्चका बहालवाला न्यायाधीश भैरव लम्सालको नेतृत्वमा गठित आयोगमा पूर्वन्यायाधीशहरू पूर्वन्यायाधीश उदयराज उपाध्याय र ज्ञाइन्द्रबहादुर श्रेष्ठ सदस्य थिए । लम्साल आयोगको प्रतिवेदन भनेर चिनिने उक्त दस्तावेजका आधारमा प्रजातन्त्र पुनर्स्थापनाका कैयौं मन्त्री र सार्वजनिक पदमा भएका व्यक्तिहरूमाथि भ्रष्टाचारको मुद्दा चलेको थियो ।

को हुन् भण्डारी ?

२०२२ सालमा शाखा अधिकृतको रूपमा प्रशासन सेवामा प्रवेश गरेका राजेन्द्रसिंह भण्डारी २०६४ सालमा सर्वोच्च अदालतको न्यायाधीशबाट अवकाश भएका थिए ।

प्रशासन सेवाबाट न्याय सेवामा प्रवेश गरेका उनी जिल्ला, अञ्चल, विशेष, पुनरावेदन हुँदै सर्वोच्च अदालतसम्म पुगेका थिए । उनी २०६१ सालदेखि २०६४ माघसम्म सर्वोच्च अदालतमा न्यायाधीश थिए ।

पूर्वन्यायाधीश भण्डारीसँग अवकाशपछि पाँच वटा जाँचबुझ आयोगको नेतृत्व गरेको अनुभव छ । माओवादी शान्ति प्रक्रियामा आएपछि कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्याको जाँचबुझ गर्न गठित आयोगको संयोजक थिए ।

त्यसपछि प्रहरीको गोलीबाट प्रदीपकुमार खड्काको ज्यान गएको घटनाको जाँचबुझ आयोगमा काम गरे । उनले खेलाडीहरू निर्मल पन्त र पुष्कर डंगोलको हत्याको घटाका साथै केन्द्रीय कारागारमा गोली प्रहारको घटनाको जाँचबुझ गर्ने छुट्टाछुट्टै आयोगको नेतृत्व गरेका थिए ।

इस्लामिक महासंघका महासचिव फैजान अहमदको घण्टाघर अगाडि भएको हत्याको जाँचबुझ गर्ने आयोगको नेतृत्व पनि भण्डारीले नै गरेका थिए ।

पूर्वन्यायाधीश फोरममा सक्रिय भण्डारी सर्वोच्च अदालतमा मेलमिलापकर्ता एवं आर्बिटेटरको रूपमा समेत सक्रिय छन् ।

*(स्रोत: अनलाइनखबर)*

# केन्द्रको निर्देशनविपरीत स्थानीय तहले गरे धमाधम विद्यार्थी भर्ना

काठमाडौं/संघ सरकारको निर्णयविपरीत केही स्थानीय तहले विद्यार्थी भर्ना र पठनपाठन सञ्चालन गरेका छन् । केन्द्र सरकारले वैशाख १५ गतेदेखि भर्ना र २१ देखि पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको छ । तर स्थानीय तहले उक्त निर्णयविपरीत भर्ना र पठनपाठनको सूचना निकालेका छन् ।

तनहुँको आँबुखैरेनी गाउँपालिकाले २ वैशाख (आज) देखि भर्ना र पठनपाठन सञ्चालन गर्ने सूचना निकालेको छ । संविधान अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको भएकाले शैक्षिक सत्र सुरु गरिएको उक्त सूचनामा उल्लेख गरिएको छ ।

'यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालले वैशाख २ गतेदेखि भर्ना अभियान तथा नियमित पठनपाठन सञ्चालन गर्न/गराउन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ,' गाउँपालिका अध्यक्ष शुक्र चुमानले जारी गरेको सूचनामा भनिएको छ ।

यस्तै, तनहुँको बन्दीपुर गाउँपालिकाले २ वैशाखदेखि ८ गतेसम्म भर्ना र ९ गतेबाट पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको छ । 'सिकाइ उपलब्धिको तयारी, वार्षिक कार्ययोजना लगायतका सबै तयारी ८ गतेसम्म पूरा हुन्छ । आजदेखि भर्ना सुरु गरेका छौं,' गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले भने, '९ गतेबाट पठनपाठन हुन्छ ।' शैक्षिक क्यालेन्डर तयार भइसेकाले शैक्षिक सत्र सुरु गरिएको उनले बताए । 'क्यालेन्डरअनुसार पठनपाठन भएन भने कोर्स पूरा गर्न सकिँदैन । नजिकैका अरू विद्यालयले पनि सुरु गरेका छन्,' उनले भने, 'विद्यार्थी तानातान छ । बोर्डिङले भित्रभित्र भर्ना गरेका छन् । जसका कारण हाम्रोमा विद्यार्थी नहुने अवस्था आउँछ ।'

विद्यार्थी आफ्नो गाउँपालिकाबाट अर्को ठाउँमा जान नदिन भर्ना अभियान सुरु गरिएको उनको भनाइ छ । 'शिक्षकहरू आएर काम सुरु गर्नुभएको छ । आइतबार पनि बिदा हुने भएपछि कोर्स पूरा गर्न गाह्रो हुन्छ,' अध्यक्ष थापाले भने ।

यसैगरी, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले ७ गतेदेखि विद्यालयमा विद्यार्थी भर्ना कार्यक्रम सुरु र १० गतेदेखि नियमित पठनपाठनका कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ । नगर प्रमुख रामकृष्ण खाणले जारी गरेको विज्ञप्तिमा २ गतेदेखि शैक्षिक गतिविधिलगायत विभिन्न प्रवर्धनात्मक र रचनात्मक शैक्षिक कार्यहरू गर्ने भनिएको छ ।

प्युठानको झिमरुक गाउँपालिकाले पनि विद्यार्थी भर्ना सुरु गरेको छ । 'आजदेखि भर्ना सुरु गरेका छौं । १० गतेबाट पठनपाठन सुरु हुन्छ,' गाउँपालिका अध्यक्ष पितबहादुर महताराले भने, 'शैक्षिक क्यालेन्डरअनुसार भर्ना सुरु गरिएको हो ।' गत चैत १० गते नै विद्यार्थीको परीक्षा सकिएको र लामो समय बिदा हुँदा विद्यार्थी अन्यत्र जाने भएकाले पनि भर्ना सुरु गरिएको उनले बताए । 'संविधान र स्थानीय सरकार सञ्चालन ऐनले माविसम्मको अधिकार स्थानीय तहलाई दिएको छ । त्यहीअनुसार क्यालेन्डर बनाएर कार्यान्वयन गरेका हौं,' उनले भने ।

यद्यपि, संघ सरकारले १५ गतेदेखि भर्ना अभियान सञ्चालन गर्न परिपत्र गरेको छ । '१५ गतेदेखि भर्ना गर्ने भनेर निर्देशन दिएका छौं । परिपत्र पनि जारी गरेका छौं,' शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक अणप्रसाद न्यौपानेले भने । कसैले सरकारको निर्णयविपरीत सञ्चालन गरेको आधिकारिक पत्र आएमा थप प्रक्रिया अगाडि बढाउने उनले बताए ।

निजी विद्यालयहरूले पनि भित्रभित्रै विद्यार्थी भर्ना गरेको गुनासो आइरहेको छ । प्याब्सन काठमाडौंले वैशाख २ गतेबाट भर्ना अभियान सञ्चालन गर्ने, वैशाख ७ गतेबाट विद्यार्थीहरूलाई विद्यालयमा बोलाएर पूर्वतयारी कक्षाहरू सञ्चालन गर्ने र वैशाख १५ बाट नियमित कक्षाहरू सञ्चालन गर्ने सूचना जारी गरेको छ ।

# 'बुकी'को पहिलो प्रिमियर जापानमा हुने

काठमाडौं/विवश कुमार माझी र मोहन केसीको निर्देशनमा बनेको फिल्म 'बुकी'को पहिलो प्रिमियर शो जापानमा आयोजना गरिने भएको छ । बुधबार निर्माण पक्षले एक पोस्टरमार्फत जापान प्रिमियरबारे जानकारी दिएको हो । ६ मे (२३ वैशाख)मा जापानको ओसाका सहरस्थित 'मिनातो कुमिन सेन्टर'मा फिल्मको प्रिमियर हुने पोस्टरमा उल्लेख छ ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकारहरू सुरक्षा पन्त, देवेन्द्र बब्लु, रोशनी कार्की र प्रकाश घिमिरेलाई प्रस्तुत गरिएको छ । सुरक्षा हातमा ट्रफी उचाल्दै खुसी मुद्रामा देखिएकी छन् । पोस्टरको पृष्ठभूमिमा भने खेलाडीहरू कोर्टसहितको मैदानमा भलिबल खेलिरहेका देखिन्छन्, जसले भलिबल खेल फिल्मको मुख्य कथासँग जोडिएको प्रस्ट पार्छ ।

हिमालयन म्युजिकल इभेन्ट म्यानेजमेन्ट एन्ड फिल्म्सको प्रस्तुति रहेको यस फिल्ममा लक्ष्मीनाथ तिमल्सिना, घनु जोशी, अनु दाहाल, निशा बजगाईं, सन्दीप बाबु लोहनी लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । काठमाडौं, पोखरा र बागलुङको ढोरपाटनमा खिचिएको यो फिल्मले खेलकुद र प्रकृतिबीचको गहिरो सम्बन्धको कथा भन्ने जनाइएको छ ।

यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य राखिएको फिल्ममा लक्ष्मण सापकोटा, अमिशा काउचा थापा मगर, रमेश थापा निर्मातामा छन् भने कार्यकारी निर्माताहरू प्रकाश आले र राजन केसी हुन् । विकास गन्दर्भको छायांकन रहेको फिल्मलाई भुपेन्द्र अधिकारी र रोहन कुमालले सम्पादन गरेका हुन् । यसमा सुविन सञ्चुरीको पार्श्व संगीत तथा श्याम कुँवरको रंग संयोजन छ ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा सिमेन्ट उद्योग चलाउन सांसद गौतमको पहल

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ ।

रुग्ण उद्योगलाई पुन: सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक संकटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति उद्योगले भोग्दै आएको छ । सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै अएको हेटौंडा सिमेन्ट उद्योग पनि नियमित र पूर्णक्षमतामा सञ्चालन गर्न माग गरिएको हो । सिमेन्ट उद्योगलाई पुन: नियमित कसरी सञ्चालन गर्न सकिन्छ ? भन्ने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएका छन् । हेटौंडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि संघीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताए ।




'हेटौंडा सिमेन्ट उद्योगलाई पुन: कसरी नियमितरुपमा सञ्चालन गर्न सकिन्छ ? भन्ने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु', सांसद गौतमले भने, 'यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उहाँहरुले पनि सकारात्मक आश्वासन दिनुभएको छ । उद्योगका कर्मचारीसँग पनि यस विषयमा अर्न्तक्रिया गरेको छु, सबैबाट राम्रै सुझाव आएको छ', उनले भने- 'उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्याबसायिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ' उनले भने ।

'उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिकरुपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ । त्यसैका लागि म प्रयास गरिरहेको छु, छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वास्त छु,' उनको कथन छ । उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा गत भदौको १९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ ।

यो अवधिमा दुई हजार ५०० टन क्लिंकर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा. शिवनारायण साहले बताए । गत चैत १३ गतेदेखि उद्योगले पुन: क्लिंकर उत्पादन प्रक्रिया सुरु गरेपनि कच्चापदार्थ नहुँदा पुन: रोकिएको छ । अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमा पुन: उद्योग बन्द हुने निमित्त प्रमुख डा. साहको भनाइ छ ।

'अहिले मौज्दात रहेको कच्चापदार्थबाट क्लिंकर उत्पादन हुँदैछ, क्लिंकरबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ', निमित्त महाप्रबन्धक साहले भने, 'अबको एकदुई दिनमा उत्पादन ठप्प हुन्छ तर, नियमित खर्च जस्ताको त्यस्तै छ', डा. साहले भने, 'उद्योगको उत्पादन बन्द भएपनि कर्मचारीको तलबभत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ । जसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइनै हाल्यो,' उनले भने ।

'उद्योग दैनिक सञ्चालन भयो भने कम्तिमा दैनिक एक सय २० टन कच्चापदार्थ कोइलाको आवश्यक पर्छ', उनले भने-'तर, त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।' यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन भने यो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत छन् । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थपिएको छ ।

'विद्युत् उपभोग त गरियो तर, महसुल बुझाउन सकिएन', उनले भने, 'अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न नसकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला ।' त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको कथन छ । वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको यो उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ ।

# बुढीचौरमा सिताके च्याउको सपना ब्युँतिँदै




साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ उत्तिस, कटुस, ओखर र लाँकुरी जस्ता काठमा स्वास्थ्यवर्धक र महँगो सिताके च्याउ उत्पादन गर्न सकिन्छ भन्ने जानकारी भिडियोमार्फत् पाएपछि मकवानपुरगढी-८ का सोमलाल पाख्रिन र वीरबहादुर रुम्बा उत्साहित भए ।

बजारमा आकर्षक मूल्य पाइरहेको यो च्याउखेतीमा उनीहरुले प्रचुर सम्भावना देखे । प्रकृतिको उपहार र आफ्नो मिहेनतलाई पूँजी बनाउने सपनाकासाथ सोमलाल र वीरबहादुरले युट्युबमा भिडियो हेरेर प्रविधिको प्रयोग गर्दै लगानी र परिश्रम गरे । समुद्री सतहदेखि २ हजार मिटरसम्मको उचाइमा अवस्थित बुढीचौरको भूगोल सिताके खेतीका लागि उपयुक्त छ । सिताके खेतीका लागि ११०० मिटरभन्दा माथिको उचाइ, ७०-८० प्रतिशत आर्द्रता र १५ देखि २५ डिग्री सेल्सियस तापक्रम आवश्यक पर्छ । तर, कहिलेकाहीँ जोस र अनुकूल भूगोल मात्र पर्याप्त हुँदैन ।

प्रविधिको ज्ञानअभाव हुँदा ठूलो लगानी कसरी बालुवामा पानी हुन्छ भन्ने उदाहरण उनीहरु आफैं बने । 'एउटा प्राविधिक कुरा हामीबाट छुट्यो । टनेलभित्र खेतीगर्दा तापक्रम व्यवस्थापन गर्न 'एसी' वा अन्य प्रणाली अनिवार्य थियो । सानो जानकारीको अभावले हाम्रो प्रयास विफल भयो र लगानी खेरगयो,' कृषक सोमलालले विगतको अनुभव सुनाए । तथापि, तिनै विफल बनेको प्रयासलाई सफलतामा बदल्न अहिले मकवानपुरगढी गाउँपालिका आफैं कृषकको घरदैलोमा पुगेको छ । प्राय: 'कन्य' (परालबाट उत्पादन गरिने) च्याउमा मात्रै केन्द्रित किसानलाई पालिकाले यसपटक सिताके च्याउको उच्च आर्थिक सम्भावना बुझाउँदै विशेष प्राथमिकतामा राखेको छ ।

गाउँपालिकाको कृषि शाखाले हालै बुढीचौरका कृषकका लागि विशेष तालिम सञ्चालन गरेको छ । वडा नम्बर ८ बुढीचौरका कृषकलाई च्याउखेतीको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरिएको कृषि शाखाप्रमुख गोपाल लम्सालले जानकारी दिए । शाखाप्रमुख लम्साल भन्छन्, 'हाम्रो पालिकामा अहिलेसम्म कन्यच्याउको मात्र बाहुल्यता छ । तर, सिताकेबाट कृषकले निकै राम्रो आम्दानी लिनसक्छन् । विगतका असफलता दोहोरिन नदिन हामीले यो तालिम सुरु गरेका हौं ।'

कृषकलाई सिताकेको ऐतिहासिक महत्व, उपयुक्त हावापानी र प्राविधिक पक्षबारे जानकारी दिइएको छ । मुढामा प्वाल पार्ने, बीउ (स्पोन) राख्ने र बाहिरी संक्रमण रोक्न मैन (वाक्स) लगाउने जस्ता व्यावहारिक सीप बुढीचौरका कृषकलाई सिकाइएको हो । यो खेतीका लागि ४ देखि २० वर्ष उमेरका निरोगी रुखका मुडा उपयुक्त हुन्छन् । कात्तिकदेखि माघ महिनाभित्र काटिएका मुडालाई करिब २० देखि ३० दिन सुकाएपछि ड्रिल मेसिनले प्वाल पारी बीउ भरिन्छ । उचित हेरचाह गरेमा मुढाको तौलको १५ देखि १७ प्रतिशतसम्म च्याउ उत्पादन हुन्छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानले बुढीचौरमा गरिएको परीक्षण उत्पादन सफल भएमा इच्छुक कृषकलाई लागत सहभागिताका आधारमा सहयोग गरिने बताए । मकवानपुरगढी गाउँपालिकाको यो सक्रियताले सोमलाल र वीरबहादुर जस्ता कृषकको ओइलाएको सपना फेरि ब्युँताएको छ । बुढीचौरको चिसो हावापानीमा सिताकेको व्यावसायिक सुगन्ध कति फैलिन्छ, त्यो भने आगामी सिजनको उत्पादनले देखाउने छ । नेपालमा २०३० सालको दशकमा जापानी नागरिकले भित्राएको सिताके च्याउखेतीप्रति अहिले व्यावसायिक आकर्षण बढ्दो छ ।

पूर्वी एसिया (विशेषगरी चीन, जापान र कोरिया) बाट सुरु भएको सिताकेलाई च्याउको राजा मानिन्छ । जापानी भाषामा 'सी' को अर्थ एक प्रकारको ओक (इबप) रुख र 'ताके' को अर्थ च्याउ हुन्छ । यो प्राकृतिकरुपमा ओकको सुकेका मुडामा उम्रिने भएकाले यसलाई सिताके भनिएको हो । स्वादका लागि मात्र नभई औषधीय गुणका कारण पनि यो लोकप्रिय छ । प्राचीन चिनियाँ चिकित्सामा यसलाई जीवनको अमृत मानिन्थ्यो । जसले शरीरको ऊर्जा बढाउने र बुढ्यौली रोक्ने विश्वास गरिन्छ ।

सिताकेमा प्रोटिन, भिटामिन बी, कपर, सेलेनियम जस्ता सूक्ष्म पोषकतत्वहरु भरपूर मात्रामा पाइन्छन् । क्यान्सर, मधुमेह, कोलेस्ट्रोल तथा उच्चरक्तचाप जस्ता रोगका लागि यो च्याउ फाइदाजनक मानिन्छ । कृषि प्राविधिक सुदीप सुवेदीका अनुसार सिताकेको बीउ राखेको ८ महिनापछि उत्पादन सुरु हुन्छ । उत्तिसको काठ प्रयोग गरेमा साढे ३ वर्ष र कटुसको काठमा ६ वर्षसम्म लगातार उत्पादन लिन सकिन्छ । बजारको हिसाबले सिताके च्याउ कृषकका लागि वरदान साबित हुन सक्छ । हाल नेपाली बजारमा ताजा सिताके प्रतिकेजी ६०० देखि १ हजार रुपैयाँसम्म बिक्री हुने कृषकहरु बताउँछन् । सुकाएर बेच्नसके यसको मूल्य प्रतिकेजी ३ हजारदेखि ५ हजार रुपैयाँसम्म पुग्ने उनीहरुको विश्वास छ ।

# हेटौंडा-५ को वडा कार्यालय भवन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ५ को वडा कार्यालयको नवनिर्मित भवन उद्घाटन भएको छ ।

मंगलबार भवन उद्घाटन भएसँगै वडा कार्यालय अब आफ्नै भवनमा सञ्चालन भएको छ । हेटौंडा-५ स्थित राईटोलमा रहेको डेढ कठ्ठा सार्वजनिक जग्गामा निर्मित भवन नयाँवर्षको अवसरमा नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । बागमती प्रदेश सरकार, हेटौंडा उपमहानगर पालिका र वडाको संयुक्त लगानीमा १ करोड ६ लाख रुपैयाँको लागतमा १२ कोठाको भवन निर्माण भएको हो । भवनको उद्घाटन समारोहमा नगरप्रमुख लामाले हेटौंडा नगरको परिकल्पनाअनुरुपको हेटौंडा निर्माणका लागि पहल भइरहेको बताइन् ।

उनले अहिले बनेको नयाँ सरकारलाई सहयोग गर्दै नगरको समृद्धिका लागि सबैपक्ष एकजुट हुनुपर्नेमा जोड दिइन् । वडा कार्यालय जनताको सेवाको आधारस्तम्भ भएकाले नगरपालिकाले सेवा विस्तारका लागि सबै वडा कार्यालयलाई आवश्यक जिम्मेवारी प्रदान गरिसकेको उनले स्पष्ट पारिन् । शिक्षा, स्वास्थ्य, व्यक्तिगत सिफारिसदेखि सरकारी सेवासम्मका काम छिटो, छरितो र प्रभावकारी ढंगले प्रवाह गर्न जनप्रतिनिधि तथा कर्मचारीलाई समर्पित हुन पनि नगरप्रमुख लामाले आग्रह गरिन् ।

वडाअध्यक्ष सुशील घिमिरेले सबै राजनीतिक दलप्रति सम्मान व्यक्त गर्दै वडा कार्यालयलाई जनताको जगका रुपमा विकास गर्ने प्रतिबद्धता जनाए । वडाका बासिन्दालाई पर्ने हरेक समस्यामा वडाको तर्फबाट आवश्यक साथ र सहयोग उपलब्ध गराइने उनले बताए । स्थानीय उपभोक्ता समितिद्वारा २०८१ साल माघ महिनादेखि सुरु भएको निर्माण कार्य गत चैत महिनामा सम्पन्न भएको थियो । वडाध्यक्ष घिमिरेको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरका बिभिन्न वडाका वडाध्यक्षहरु र विभिन्न सामाजिक व्यक्तित्वको उपस्थिति रहेको थियो ।

हेटौंडा उपमहानगरका १९ वटा वडामध्ये वडा नम्बर २ र १६ को कार्यालय अहिले भाडाको घरमा सञ्चालन भइरहेको छ । वडा नम्बर ६ को कार्यालय पनि आधा भाडाकै घरमा सञ्चालनमा रहेको छ ।

# कुन्छाल-कुलेखानी सडक प्राथमिकतामा राख्न ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ मकवानपुर-२ बाट निर्वाचित सांसद प्रशान्त उप्रेतीले भूमि तथा विपद् व्यवस्थापनसँग सम्बन्धित मुद्दा समाधानका लागि पहल गरिदिन आग्रह गरेका छन् ।

उनले थानकोट-चित्लाङ सडकको जीर्णअवस्थालाई सुधार गरी गुणस्तरीय र समयमै निर्माण सम्पन्न गर्नुपर्ने, कुन्छाल-कुलेखानी सडकखण्डलाई प्राथमिकतामा राखी काम सुरु गर्नुपर्ने तथा अन्य सडकको स्तरोन्नतिमा सरकारको ध्यान जानुपर्ने बताए । हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्नुपर्ने, हेटौंडा क्षेत्रको सडक विस्तारका कारण नागरिकको घरजग्गा अलपत्र परेकाले तत्काल समाधान गर्नुपर्ने माग पनि उनले राखे । सांसद उप्रेतीले स्वास्थ्य क्षेत्रतर्फ हेटौंडा अस्पतालमा क्याथल्याव तथा हार्ट-लङ मेसिन जडान गर्नुपर्नेबारे समेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।


उनले भूमिहीन समस्या समाधान, मध्यवर्ती क्षेत्रको न्यायसंगत पुनर्सीमाङ्कन तथा गाँजा वैधानिकता सम्बन्धी वैकल्पिक नीति निर्माण गर्दै भरियाको जीवनस्तर उकास्न ठोस सरकारी योजना आवश्यक रहेको बताए । विपद् व्यवस्थापनतर्फ चट्याङ रोकथामका लागि दीर्घकालीन गुरुयोजना निर्माण, कुलेखानी बाढीबाट प्रभावित सिस्नेरी क्षेत्रका पीडितलाई क्षतिपूर्ति तथा पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने माग उनले राखे । बोटे, चेपाङ, वनकरिया जस्ता लोपोन्मुख समुदायको संस्कृति संरक्षण तथा जीवित संग्रहालय स्थापना गर्नुपर्ने विषय उठाइएको छ ।



दूरसञ्चार पहुँच विस्तार तर्फ कैलाश राक्सीराङलगायत विकट क्षेत्रमा मोवाइल नेटवर्क विस्तार गर्नुपर्ने तथा सम्पूर्ण निर्वाचन क्षेत्रलाई सहज सडक सञ्जालसँग जोड्न आवश्यक पहल गर्नुपर्नेमा उनले जोड दिए ।

प्रधानमन्त्री बालेन्द्र शाहले सांसद उप्रेतीले उठाएका सबै विषयमा सकारात्मक प्रतिक्रिया दिँदै सम्बन्धित निकायसँग समन्वय गरी समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आकर्षक घडेरी बिक्रीमा







साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना